**मिति २०७९ माघ २३ गते सोमबार** (वि.सं.२०७९।१०।२३) **तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरसभाको प्रथम बैठका निर्णयहरु :**

**निर्णय नं. १**

मिति २०७९।९।२५ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५औ बैठकको नि.नं. ४ लाई अनुमोदन गर्दै,चालु आ.ब.को बिनियोजित बजेटमा रकमान्तर तथा शिर्षकान्तर गरी नगरस्तरको अनुसूचि १ र वडा स्तरको अनुसूचि २ मा समावेश गरी कार्यान्वयन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०७९ श्रावण देखि हाल सम्मका बिषयगत समिति र अन्य समितिहरुबाट पेश भएको तपसिल बमोजिमका प्रगति प्रतिवेदन उपर व्यापक छलफल गरि प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयन गर्न तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्तुत प्रतिवेदनहरु :**

१. बिधान समिति :भिमबहादुर योगी

२..सुशासन समिति :धर्मराज वली

३.आर्थिक बिकास समिति : माधव वली

४.सामाजिक बिकास समिति : मान बहादुर रावत

५.पूर्वाधार बिकास समिति :बीर बहादुर बिक

६.बन वातावरण तथा बिपद व्यवस्थापन समिति : दुजमान भण्डारी

७.लेखा समिति : घनश्याम ढकाल

८. न्यायीक समिति : स्यानी चौधरी

९.सहकारी समिति : खुसीराम चौधरी

१०.खेलकुद समिति : शिवानन्द डिसी

११. बजार अनुगमन समिति : तुलाराम नेपाली



टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७९ माघ २३ गते सोमबार** (वि.सं.२०७९।१०।२३) **तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरसभाको प्रथम बैठका निर्णयहरु :**

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको मिति २०७९।१०।६ गते बसेको सातौ नगरकार्यपालिकाको नि.नं.१ बमोजिम आर्थिक बिकास समितिको प्रतिवेदनलाई अनमोदन गर्दै चालु आ.ब.मा घर अभिलेखिकरण सम्बन्धमा आर्थिक ऐनमा गरिएको व्यवस्थालाई पुनरावलोकन गरि चालु आ.ब.को बैशाख मसान्त सम्म अभिलेखिकरणमा आउने घरधनीहरुलाई ५० प्रतिशत मात्र,बैशाख मसान्त पछि आउने घरधनीहरुलाई १०० प्रतिशत जरिवाना लिई अभिलेखिकरण गर्ने र अव उप्रान्त घरनक्सापास नगरी घर निर्माण गर्ने व्यक्तिहरुलाई सम्बन्धीत वडा समितिको कार्यालयबाट खानेपानी ,विद्युत जस्ता सिफारिस रोक्का गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको नगरसभा र कार्यपालिकाका सम्पूर्ण कार्यहरु सम्पादन गर्दै आएको बैठक व्यवस्थापन ईकाईको कार्यबोझ,पदिय जिम्मेवारी र कार्यसम्पादनको स्तरलाई मध्यनजर गर्दै बैठक व्यवस्थापन ईकाईलाई संशोधन गर्दै बैठक व्यवस्थापन शाखा कायम गरी कार्य अघि बढाउन नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५**

तुलसीपुर उपमहानगरपालिकाको मिति २०७९।९।२५ गते बसेको ५औं नगरकार्यपालिका बैठकको निर्णय नं. ३ लाई अनुमोदन गर्दै आर्थिक बिकास समिति मार्फत राजश्व शाखाले तयार पारेको ऐलानी जग्गामा बनेका घर र जग्गामा नगरसेवा उपभोग शुल्क लगाउने सम्बन्धी मुल्याङ्कन दर स्वीकृत गरि कार्यान्वयनका लागि नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

वैदेशिक रोजगारको क्षेत्रमा आवश्यक परामर्श सहित आवश्यक सेवा उपलब्ध गराउदै आएको सामी कार्यक्रमलाई प्रभावकारी,सरल र सहज ढंगले कार्यान्वयन गर्न सूचना र प्रबिधिको अधिकाधिक प्रयोग गर्नु पर्ने भएकोले उक्त सामी कार्यक्रमलाई तुलसीपुर उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखामा समावेश गरी कार्यक्रम कार्यान्वयन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७९ माघ २६ गते बुधबार (वि.सं.२०७९।१०।२६) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरसभाको दोश्रो बैठका निर्णयहरु :**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका १२औं नगरसभाको प्रथम बैठकमा बिधायन समितिबाट टेबुल गरिएका तपसिलका बिधेयकहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

१.तुलसीपुर उपमहानगरपालिका अस्थायी करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिईने सेवा,सुविधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७९

२. तुलसीपुर उप-महानगरपालिका दलित सशक्तिकरण विधेयक, २०७९

**निर्णय नं. २**

तुलसीपुर उपमानगरपालिका नगरकार्यपालिका बैठकबाट २०७९श्रावण देखि हालसम्मका बिभिन्न कार्यपालिका बैठकबाट स्वीकृत गरिएका तपसिलका,कार्यबिधि,नियमावली,निर्देशिका,कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. तुलसीपुर उपमहानगरपालिकाको जोखिम संवेदनसिल भूउपयोग योजना कार्यबिधि,२०७९

२.तुलसीपुर उपमहानगरपालिकाको जोखिम संवेदनसिल भूउपयोग नीति कार्यबिधि,२०७९

३.तुलसीपुर उपमहानगरपालिकाको बिपद जोखिम न्युनिकरण कार्ययोजना भूउपयोग कार्ययोजना, २०७८/०७९-२०८७/०८८

४. तुलसीपुर उपमहानगरपालिका अटो रिक्सा,ईलेक्ट्रीक रिक्सा तथा टेम्पोको रुट ईजाजत तथा ब्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७९

६.तुलसीपुर उपमहानगरपालिका सुशासन समिति गठन तथा सञ्चालन नियमावली,२०७९

७. तुलसीपुर उपमहानगरपालिका खेल प्रशिक्षक नियुक्ति सम्बन्धी कार्यबिधि,२०७९

८. तुलसीपुर उपमहानगरपालिका बहाल बिटौरी निर्देशिका,२०७९

९. तुलसीपुर उपमहानगरपालिका मेला महोत्सव ब्यवस्थापन कार्यबिधि,२०७९



टिकाराम खड्का
नगर प्रमुख

**मिति २०७९ माघ २६ गते बुधबार (वि.सं.२०७९।१०।२६) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरसभाको दोश्रो बैठका निर्णयहरु :**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका सहकारी ऐन,२०७४ (दोश्रो संशोधन,२०७५) केहि दफा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

महेन्द्र राजमार्गको सिमलसोता जलकुन्टी,बाखे,रनियापुरको कुटी चौक,मजघटुवा भित्तेबाङ, वडा नं. १४ को अकमि ,मटेरा,भोजपुर,वडा नं. १५ को मलवार,धमकापुर, वडा नं. १६ को उत्तर कुररिया,लहलौरा वडा नं. १६ को बकुलाई साईपुर,वडा नं. १८ र १९ को कुटीचौर,सुगुरखोला,रोल्पा जिल्लाको रुन्टीगडी गा.पा.को वडा नं. ६ रानीबास,वडानं. ८ को कुर्जा,मेलटाकुरा,वडा नं. ७ को सालिबाङ हुदै होलेरी र समित देखि त्रिवेणी गापाको दहबन दुई जिल्ला जोडने रणनैतिक सडक भएकोले उक्त सडक निर्माणका लागि संघीय सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय न ५**

यस तुलसीपुर उपमहानगरपालिका वडा न ५ पातुखोला किनारमा निर्माण भएको बसपार्क निर्माण गर्ने क्रममा सार्वजनिक ऐलानी प्रति जग्गा नगरपालिकाको नाममा दर्ता गरी केहि जग्गा प्लटिङ गरी घडेरी जग्गा बिक्री गर्ने क्रममा अनियमितता भएको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी सो उजुरीमा छानविन हुदा नगरपालिकाको मिति २०५३।१२।८ गतेको निर्णयबाट वितरण भएको घडेरी कानुन सम्मत वितरण भएको मान्नु पर्ने र मिती २०५३/१२/१० गते घडेरी वितरण गर्ने भनि भएको निर्णय कानुनले तोकेको विधी र प्रकृया वमोजिमको बैठकको प्रकृया बमोजिमको बैठकबाट भएको नदेखिएको निर्णय पुस्तिकामा किर्ते दस्तखत गरी भएका कार्यहरु बदनियत पुर्वक वितरण भएको देखिएकाले सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ द्धारा निषेध कार्य भएकाले मिती २०५३/१२/१० को भनिएको निर्णय कार्यान्वयन गर्न कानुनतः मिल्ने नदेखिएकाले ऐ ऐनको दफा १२ 'ख' वमोजिम नगरपालिकाबाट भएको निर्णयमा देखिएको दुष्परिणाम सच्याउन भनि मिती २०७१/०३/२७ गते आयोगबाट निर्णय भइ न.पा लाई सो को जानकारी आएको अवस्था छ ।

मिति २०७१/०३/२७ गतेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय वमोजिम ऐ ऐनको दफा १२ 'ख' वमोजिम अख्तियारले दुष्परिणाम सच्याउन आदेश दिन सक्ने कानुनी व्यवस्था अनुरुप भएको आदेशानुरुप तत्कालिन तुलसीपुर न.पा.को मिति २०५३/१२/१० को निर्णय विधि र प्रकृया नपुऱ्याई निर्णय भएको उक्त निर्णय समेत अमान्य भएकाले यस न.पा.का नाममा रहेका तुलसीपुर ५ ख कि.न ५४३ को ज.वि १०–५–१ मध्ये ५–१०–० जग्गामा रहेका घडेरीहरु विभिन्न व्यक्तिहरुलाई अस्थाई प्रमाण पत्र वितरण गरेको हुदां नेपाल सरकार मन्त्री परिषदको मिती २०६६/५/१७ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयको मिति २०६६/०५/२४ को च.न ८० को पत्रबाट सम्बन्धित खरिद कर्ताका नाममा हक हस्तान्तरण गर्न स्वीकृत प्रदान भएकाले घडेरीवालाले आफुसंग भएका सवुद प्रमाणहरु पेश गरेकाले प्रमाणको आधारबाट घडेरी न ६२, (गुमानसिह बुढाथोकी/रिताबोहरा)६३, (रामचन्द्र के.सी)६४, (धर्मराजवली)६५, (विरबहादुरवली)९५क–ग, (सेवकरामभण्डारी))९६क–ग, (गुमाणवली ९६,९७ (दिपक कडेल/ पवि पुन/विर बहादुरवली) लाई ६ मिटर चौडाई लम्बाई २० मिटर (१२० बर्ग मिटरको) सेतो अस्थाई प्रमाण पुर्जा उपलब्ध गराएको हाल ६ मिटर चौडाई र २२ मिटर लम्बाई भोगचलन गरेकाले २ मिटर लम्बाई र ६ मिटर चौडाईको १२ बर्ग



टिकाराम खड्का
नगर प्रमुख

**मिति २०७९ माघ २६ गते बुधबार (वि.सं.२०७९।१०।२६) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरसभाको दोश्रो बैठका निर्णयहरु :**

मिटर बढी भोगचलन गरेको भनि अमिनको प्रतिवेदन अनुसार प्रति वर्ग मिटरको रु २०००० अक्षेरुपी बिस हजारको दरले दस्तुर लिई जग्गा सम्बन्धित खरिद कर्ताहरुको नाममा साविक कि.न ५४३ हाल को कि.न ४९९३ व.मि ५३५६५.६९ बाट कित्ता काट गरी सम्बन्धित व्यक्तीका नाममा रजिष्ट्रेसन पारित गरीदिने भनि सम्बन्धित नापी र मालपोत कार्यालयलाई रजिष्ट्रेशन पास गरिदिनु भनि सिफारीस गरीदिने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दुष्परिणाम सच्चाउन दिएको आदेशानुसार यो निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख